नेपाल सरकार
भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय
सहकारी विभाग

# सहकारी प्रशिक्षण तथा अनुसन्धान केन्द्र

नयाँ बानेश्वर, काठमाडौं

**विषय: आ.व. ०८२/८३ मा सञ्चालन हुने तालिम कार्यक्रमहरूमा सहभागिताको लागि आवेदन पेश गर्ने सम्बन्धमा।**

**वेबसाइटमा सूचना प्रकाशित मिति:- २०८२/०४/०१**

उपरोक्त सम्बन्धमा यस केन्द्रले चालु आ.व. २०८२/८३ मा तपशिल बमोजिमका तालिमहरू सञ्चालन गर्ने वार्षिक कार्यक्रम रहेको हुँदा उल्लिखित तालिम कार्यक्रमहरूमा सहभागी हुन ईच्छुक सम्बन्धित प्रदेश सहकारी हेर्ने मन्त्रालय/प्रदेश सहकारी रजिष्ट्रार कार्यालय/प्रदेश सहकारी प्रशिक्षालय/स्थानीय तहको सहकारी शाखामा कार्यरत कर्मचारीहरू तथा सहकारी संघ संस्थाका पदाधिकारी तथा कर्मचारीहरूले यस केन्द्रको वेभसाइट www.ctrc.gov.np मा गई online training वा तपशिलमा उल्लेखित QR code लाई scan गरी सहभागी हुन चाहेको तालिम छनौट गरी माग गरिएका विवरण तथा आवश्यक अन्य कागजातहरू संलग्न गरी मिति २०८२/०४/३१ गते भित्र आवेदन पेश गर्नु हुन यस केन्द्रको मिति २०८२/०४/०१ को निर्णयानुसार अनुरोध छ।

**(१) सहभागी मनोनयन पत्रमा उल्लेख गर्नुपर्ने विवरण:**

| क्र.सं. | सहभागीको नाम थर | पद | कार्यरत निकाय/संघ/संस्थाको नाम र ठेगाना | सहभागीको मोबाइल नम्बर | सहभागीको ईमेल ठेगाना (E-mail Address) | सहभागी हुन ईच्छुक तालिम कार्यक्रमको नाम | यस केन्द्रको छात्रावास सुविधा उपयोग गर्ने/नगर्ने |
|---|---|---|---|---|---|---|---|
| | | | | | | | |

**(२) तालिममा सहभागीताको लागि अनलाईन फारम भर्न आवश्यक पर्ने कागजात:-**

- सहभागीको पासपोर्ट साइजको फोटो र नागरिकता प्रमाणपत्रको प्रतिलिपि।
- सहभागीको नाम, पद, सम्पर्क मोबाइल नं., ईमेल ठेगाना लगायतका विवरणहरू खुलाईएको सम्वन्धित स्थानीय तह/संघ संस्थाको मनोनयनपत्र ।

**तपशिल**

**तालिममा सहभागीतालको लागि online आवेदन पेश गर्न माथिको QR code लाई Scan गर्नुहोस**

**तालिमको स्वीकृत पाठ्यक्रम हेर्नको लागि माथिको QR code लाई Scan गर्नुहोस**

**नोट :**

यस केन्द्रबाट संचालन हुने तपशिलमा उल्लेखित तालिम कार्यक्रमहरूको लागि स्वीकृत भएको विस्तृत पाठ्यक्रम केन्द्रको website मा राखिएको हुँदा उक्त पाठ्यक्रम अध्ययन गरी आवश्यक र उपयुक्त तालिम कार्यक्रममा मात्र आवेदन पेश गर्नुहुन समेत अनुरोध छ।

२०८२/४/१

प्राचार्य

## ३) आ.व २०८२/०८३ मा यस केन्द्रबाट संचालन हुने तालिमहरूको वार्षिक तालिम कार्ययोजना:

| क.स. | तालिमको नाम | तालिम अवधी | लक्षित प्रशिक्षार्थी | परिमाण | पहिलो त्रैमासिक | | | दोस्रो त्रैमासिक | | | तेस्रो त्रैमासिक | | | चौथो त्रैमासिक | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | श्रावण | भाद्र | आश्विन | कार्तिक | मंसिर | पौष | माघ | फागुन | चैत्र | वैशाख | जेठ | असार |
| १ | सहकारी प्रशिक्षक प्रशिक्षण | १० | सहकारी नियामक निकायका सहकारी शाखाका कर्मचारीहरू | ५ | ■ | ■ | | ■ | | | | | | | | |
| २ | सहकारी प्रशिक्षक प्रशिक्षण | १५ | सहकारी संघ संस्थाका पदाधिकारी तथा कर्मचारीहरू | ५ | | ■ | | | ■ | ■ | | | | | | |
| ३ | सहकारी संचालन तथा व्यवस्थापन सम्बन्धी आधारभूत तालिम | ४ | प्रारम्भिक सहकारी संघ संस्थाका पदाधिकारी तथा कर्मचारीहरू | ७ | | | ■ | | | | ■ | | ■ | | | |
| ४ | सहकारी लेखा तथा वित्त व्यवस्थापन सम्बन्धि तालिम | १० | सहकारी संघ संस्थाका लेखा सुपरीवेक्षण समितिका पदाधिकारी तथा लेखा सम्वद्ध कर्मचारी | ३ | | | | ■ | ■ | | | | | | | |
| ५ | सहकारी नेतृत्व तथा संस्थागत विकास तालिम | १५ | सहकारी संघ संस्थाका पदाधिकारी तथा कर्मचारीहरू | ३ | | | | | ■ | | | | | | | |
| ६ | सहकारी व्यवसाय प्रवर्द्धन तालिम | ७ | उत्पादनमुलक सहकारी संघ संस्थाका पदाधिकारी तथा कर्मचारीहरू | ६ | | | | | | | | ■ | | | | |

प्राचार्य

**(४) सहभागीको सुविधा सम्बन्धी व्यवस्था:**

- आवास सुविधा आवश्यक पर्ने सहभागीहरूले मनोनयन पत्र पठाउँदा नै आवास सुविधा लिने नलिने खुलाउनु पर्नेछ **(पहिले आउनेलाई पहिलो प्राथमिकता दिइनेछ)।**
- **केन्द्रमा संचालित तालिममा सहभागीहरुलाई तालिम अवधिभर दैनिक भत्ता तथा यातायता खर्च उपलब्ध गराइने छैन।**
- तालिमको कार्यपत्र (ह्यान्ड्स आउट) सहभागीको इमेल मार्फत उपलब्ध गराइनेछ।

**(५) सहभागीहरूले पालना गर्नुपर्ने आचार संहिता**

- केन्द्रले निर्धारण गरेको मिति तथा समयमा तालिम सञ्चालन हुनेछ।
- तालिममा सहभागी हुने सहभागीले तालिम आचारसंहितामा व्यवस्था भएका आचरण तथा मर्यादाको समेत पालना गर्नु पर्नेछ।
- तालिमको अवधिभर कर्मचारीको हकमा तोकिएको पोशाक/अन्यको हकमा औपचारिक पोशाकमा रहनुपर्नेछ।
- तालिम कार्यक्रममा प्रयोग भएका सामग्रीहरूको प्रतिलिपि अधिकार प्रति सचेत हुनुपर्छ र बौद्धिक चोरी गर्न, गराउन पाइने छैन।
- **यस केन्द्रबाट गत आर्थिक वर्षमा संचालित कुनै पनि तालिममा सहभागी भएका व्यक्ति तथा सहकारी संघसंस्थाबाट यस आ.व.मा माथि उल्लिखित कुनै पनि तालिममा सहभागी हुन पाइने छैन।**
- आचार संहिता सम्बन्धी अन्य व्यवस्था केन्द्रले तोके बमोजिम हुनेछ।

**तालिममा सहभागी हुन चाहने आवेदकहरूलाई यस केन्द्रले निर्धारण गरेको सहभागी छनौट मापदण्ड तथा प्राथमिकता अनुरूप तालिममा सहभागी गराइने व्यहोरा समेत जानकारीको लागि अनुरोध छ।**

विष्णु पौडेल
प्राचार्य

**सम्पर्क**
**फोन नं.: ०१-४११५६७८, ०१-४५७०१०३**
**Email address: info@ctrc.gov.np**

**बोधार्थ**
**श्री भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय, सिंहदरवार, काठमाडौं।**
**श्री सहकारी विभाग, नयाँ वानेश्वर, काठमाडौं।**